मधेश भूमी दैनिक
सम्पर्क नं.
९८१९२३२७६४
९८२११४९२३५
९८४५२५४२६४
विज्ञापनको लागि मात्र

जि.प्रशा.का.रौ.दर्ता नं. १०१
जि.हु.का.रौ.दर्ता नं.४/०७९/०८०

MADHESH BHUMI DAILY
# मधेश भूमी दैनिक
www.madheshbhuminews.com

प्रारम्भिक शिक्षा नै बालबालिकाको शिक्षाको अधार हो ।
GAUR ACADEMY
GAUR, RAUTAHAT
तपाई आफ्नो बच्चाको उज्जवल भविष्यको लागि हामी सँग सम्पर्क गर्नुस्
गौर वडा नं. ३, रौतहट
सम्पर्क नं.: ९८४५२५४२६४ र ९८४५४९६२८२

वर्ष १ | २०८० फाल्गुण २७ गते आइतबार | 10 March 2024 Sunday | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४ | अंक ३०१

## पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणाले बढे



काठमाडौँ (रासस), २६ फागुन : पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/७७ मा दुई हजार तीन सय एक निवेदन आएकामा चालु आवको फागुन २३ सम्म १२ हजार सात सय ८९ निवेदन आएका हुन् । त्यस्तै आव २०७७/७८ मा तीन हजार नौ सय छ, आव २०७८/७९ मा चार हजार छ सय ८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ ।

प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका एक सय ६४, बालिकाका दुई सय ४२, महिलाका पाँच हजार सात सय तीन, पुरुषका छ हजार एक सय ७७ र अन्यमा पाँच सय तीन गरी जम्मा १२ हजार सात सय ८९ निवेदन प्रधान कार्यालयमा आएका छन् ।

साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गर्ने, वेभसाइट ह्याकिङ लगायतका अपराधका विभिन्न स्वरुपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिनुभयो ।

साइबर अपराधका प्रवृत्तिमा विभिन्न किसिमका नग्न तस्बीरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधि राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोली बेइज्जत गर्ने तथा दुःख दिने, सरकारी तथा अन्य सङ्घ संस्थाको वेभसाइट ह्याकिङ गर्ने, अनलाइन ठगी गर्नेजस्ता गतिविधि पर्दछन् ।

## महिला सशक्तीकरणमा एमाले अग्रणी छ :अध्यक्ष ओली



**काठमाडौँ (रासस)**, २६ फागुन : नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले महिला सशक्तीकरण र जागरणका लागि आफ्नो पार्टी अग्रणी भूमिकामा रहेको बताउनुभएको छ ।

एक सय १४औँ अन्तरराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा मोतिदेवी स्मृति केन्द्रद्वारा शनिबार काठमाण्डौ आयोजित सम्मान, विमोचन र वृत्तचित्र प्रदर्शनीमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीले सामाजिक रुपान्तरण, महिला जागरण र सामाजिक न्याय प्राप्तिका अभियानमा एमाले अग्रस्थानमा रहिनैरहने बताउनुभएको हो । अध्यक्ष ओलीले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्ने हल्ला सत्य होइन भन्दै अहिले विभिन्न तीन तहमा सम्पूर्ण जनप्रतिनिधिमध्ये ४० प्रतिशत महिला हुनु र राज्यका निकायका ३३ प्रतिशत महिला आरक्षण हुनुजस्ता विषयलाई उपलब्धिपूर्ण मान्नुपर्ने बताउनुभयो ।

त्यस अवसरमा पूर्वप्रधानमन्त्री ओलीले 'सङ्घर्षशील योद्धाहरू'को लोकार्पण गर्नुभयो भने सामाजिक रूपान्तरणकर्ता, उत्कृष्ट शोधार्थी र कम्युनिष्ट आन्दोलनमा योगदान गरेकालाई सम्मानित गर्नुभयो । आज सम्मानित हुनेमा प्रेरणादायी महिलामा धम्मावती गुरुमा, युवा वैज्ञानिक रोजिता बुद्धाचार्य, वाइल्ड लाइफ फोटोग्राफर विनिता भण्डारी, उद्यमी सावित्री थापा, समाजसेवी शान्ति चड्डा, राजनीतिककर्मी सोना छेदुङ लामा, साहसिक बस चालक रेणुका थापा, दुर्गमकी चिकित्सक तुल्सी शाही, सामाजिक अभियन्ता सोनिया सदाय र मानव बेचबिखनविरोधी अभियानकर्ता चरिमाया तामाङ हुनुहुन्छ ।

केन्द्रका अध्यक्ष अष्टलक्ष्मी शाक्यले आफ्ना निजी स्वार्थ त्यागेर समाज रुपान्तरण र महिला जागरणमा योगदान गरेका महिलालाई भविष्यमा पनि सम्मान गरिने जानकारी दिनुभयो । नेपाल कम्युनिष्ट पार्टीका एक संस्थापक मोतिदेवी श्रेष्ठको स्मृतिमा उक्त केन्द्र स्थापना भएको हो

## रक्तदानलाई अभियानकै रूपमा निरन्तर सञ्चालन गर्नुपर्छ : सञ्चारमन्त्री



काठमाडौँ, २६ फागुन : सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले र क्तदानलाई अभियानकै रुपमा सञ्चालन गर्नुपर्ने बताउनुभएको छ ।

ब्लड डोनर्स एसोसिएसन नेपालको आयोजनामा आजदेखि यहाँ सुरु भएको दोस्रो अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उहाँले स्वयंसेवी रक्तदाताको सङ्ख्या बढाउन सरकारी र गैरसरकारी क्षेत्रबाट निरन्तर अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो ।क्तदानसम्बन्धी चेतना जागृत गर्न सरकारले ध्यान दिने बताउँदै सरकारले प्रदान गर्ने लोककल्याणकारी विज्ञापनमा रक्तदानसम्बन्धी चेतनामूलक सामग्री थप्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्री शर्माले अन्य सार्वजनिक सूचना र सन्देशमा पनि यसलाई अनिवार्य गरि ने बताउनुभयो ।

दाताले रगत निःशुल्क दान गरे पनि प्रशोधनलगायत सेवा शुल्क लिँदा र गत लिनेले शुल्क तिर्नुपर्ने बाध्यता र हेकाले त्यसलाई हटाउन आवश्यक बजेट व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयमार्फत सहयोग गरिने मन्त्री शर्माले बताउनुभयो ।

सामान्य अवस्थामा पनि रगत आवश्यक पर्ने उल्लेख गर्दै उहाँले हाम्रो देश विपद्को जोखिममा रहेकाले आपत्कालीन रगत व्यवस्थापनलाई समग्र विपद् व्यवस्थापनकै एउटा पाटोका रुपमा जोडेर लैजानुपर्ने बताउनुभयो ।

रेडक्रस, ब्लड डोनर्स एसोसिएसनजस्ता सामाजिक संस्थाले नेपालमा रगत व्यवस्थापनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्दै सरकारका प्रवक्ता मन्त्री शर्माले त्यसलाई देशकै अभियानका रुपमा निर न्तर सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

## कांग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने



**काठमाडौँ (रासस)**, २६ फागुन : प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको छ । पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा शनिबार बसेको पार्टीका पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले आसन्न र ाष्ट्रियसभा अध्यक्ष निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार दिने निर्णय गरेको हो ।

बैठकले राष्ट्रियसभा अध्यक्षका लागि पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरेको पार्टीका पूर्वसहमहामन्त्री अर्जुननर सिंह केसीले जानकारी दिनुभयो । कांग्रेसले पार्टीका तर्फबाट राष्ट्रियसभा अध्यक्ष तथा उपाध्यक्षमा कसलाई उम्मेदवार बनाउने भन्नेबारे भने अहिले निर्णय नलिइसकेको उहाँको भनाइ छ ।

यसैगरी, बैठकले राष्ट्रियसभा अध्यक्षमा सहयोग खोज्न विपक्षमा रहेका अन्य दलसँग परामर्श गर्ने निर्णय गरेको नेता केसीले बताउनुभयो । शनिबारको बैठकमा बदलिँदो परिस्थिति र नयाँ गठबन्धनपछिका बारेमा छलफल भएको थियो । संसद्मा पार्टीका तर्फबाट निर्वाह हुने भूमिकाबारे समेत बैठकमा छलफल भएको नेता केसीले बताउनुभयो ।

गाउँ नगर टोल छर छिमेक सफा राखौं । प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - बारागढी गापा, खोपवा, बारा(जनहितमा जारी सन्देश)

गाउँ नगर टोल छर छिमेक सफा राखौं । प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । -कोल्हवी नगरपालिकाद्धारा जनहितमा जारी सन्देश




प्रियान्सु पुस्तक पसल
गौर, रौतहट
हाम्रा सुविधाहरू:
१. यहाँ कक्षा १ देखि १२ सम्मका सामुदायिक (सरकारी) तथा संस्थागत (बोडीङ्ग) स्कुलका पुस्तकहरू पाइन्छ ।
२. त्रिभुवन विश्वविद्यालय अन्तरर्गत बि.एड., बि.बि.एस. र बि.ए. का पुस्तकहरू पाइन्छ ।
३. सिटीइभिटी अनतर्गतका एच.ए., डिप्लोमा अप कम्प्युटर, अमिन, भेटनरी, आइ.टी. जस्ता कार्यक्रमको पुस्तकहरू पाइन्छ ।
४. शिक्षक सेवा आयोग र लोक सेवा आयोग सित सम्बन्धित सबै पुस्तकहरू पाइन्छ ।
५. खेलकुदका सामग्री लगायत स्टेशनरी सम्बन्धि सम्पुर्ण सामग्रीहरू पाइन्छ ।
प्रोपाइटर
राधेश्याम पंडित (९८४५५२७३७०)

रमणिय वातावरण भएको रौतहट जिल्लाको एक मात्र सुविधा सम्पन्न होटल
तराई इन होटल
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडी
हाम्रा सेवाहरू
चपुर भ्यु प्वाइन्ट, रूफटप रेस्टुरेन्ट, सेल्फी प्वाइन्ट, स्टेज प्रोग्राम, वर्थडे, एनिभरसरीका लागि लिफ्टको सुविधा भएको, सरकारी तथा गैर सरकारी संस्थाका लागि कार्यकम गर्न हलहरूको प्रयाप्त सुविधा भएको ।
अत: सेवाको लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क नं. ०५५-५४०६००, ०५५-५४०७५५ र ९८२०९२८७०४

प्रकाशक : शिला कुमारी
सम्पादक : सुरेश कुमार वर्मा
सह-सम्पदाक : पुजा(रेखा) पाठक
समाचार प्रमुख : देवेन्द्र प्रसाद यादव
कानुनी सल्लाहकार : अधिवक्ता आफताब आलम
व्यवस्थापक : सुबाश मंडल
चन्द्रपुर प्रतिनिधी : सरोज मिश्रा
पर्सा प्रतिनिधी : रामजी राय यादव
कम्प्यूटर सेटिङ्ग : राहुल पाण्डेय
कार्यालय : गौर नगरपालिका वडा नं. ३, रौतहट
मुद्रक : सोना अफसेट प्रेस गौर, रौतहट
सम्पर्क नं. -९८४५४९६२८२/९८१९२३२७६४
इमेल : madhesabhumi@gmail.com

# निजी क्षेत्रसँग हातेमालो गर्दै सरकार अघि बढ्छ : उपप्रधानमन्त्री महासेठ

**काठमाडौँ (रासस)**, २६, फागुन : उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्ने बताउनुभएको छ । नेपाल तयारी पोशाक उद्योग सङ्घको २९औँ वार्षिक साधारणसभामा उहाँले निजी क्षेत्रका सबै समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सरकार र निजी क्षेत्रका बीच सहकार्य बिना मुलुकले फड्को मार्न नसक्ने उल्लेख गर्दै उपप्रधानमन्त्री महासेठले भन्नुभयो, "देश बनाउने तपाईं हामीले नै हो, मुलुकको आर्थिक अवस्था सबल बनाउन सबैको सहकार्य आवश्यक छ । "मुलुकको आर्थिक अवस्थालाई बलियो बनाउन सरकार केन्द्रित भएको बताउनुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी उत्पादनले बजार नपाउनाको कारण खोजेर समाधान गर्नुपर्ने बताउनुभयो । यसका लागि आफ्नो मन्त्रालय निजी क्षेत्रसँगै रहेको उहाँले बताउनुभयो । "निजी क्षेत्रसँग नजिकबाट सहकार्य गर्न सरकार तयार छ," मन्त्री भण्डारीले भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सत्ता पक्ष र प्रतिपक्ष एक ठाउँमा उभिनुपर्नेमा जोड दिनुभयो । उहाँले निजी क्षेत्रलाई सरकारले विश्वासमा लिनुपर्छ भन्नुभयो ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले तयारी पोशाक तथा कृषिजन्य उत्पादनको निर्यात सहजीकरण गर्न, मुलुकमा लगानीको वातावरण निर्माण गर्न सुझाव दिनुभयो । उहाँले निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा लैजान नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रतिनिधिसभा, उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य एवं सङ्घका सदस्य गणेश पराजुलीले नेपालको निर्यातजन्य वस्तुको प्रमुख हिस्सा तयारी पोशाक रहेको उल्लेख गर्दै निर्यातमा सहजीकरण गर्न सरकारसँग आग्रह गर्नुभयो । उहाँले




निर्यातमा अनुदान दिने व्यवस्थालाई थप व्यवस्थित बनाउन सुझाव पनि दिनुभयो ।

प्रतिनिधिसभाको उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य सीता मिजारले उद्योग व्यवसायलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिँदै निकासी प्रवर्द्धनमा ध्यान दिन आग्रह गर्नुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले तयारी पोशाक उद्योग मुलुकको अर्थन्त्रको मेरुदण्डका रुपमा रहेकाले यो क्षेत्रको विकासमा ध्यान दिन अनुरोध गर्नुभयो । सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा रहेकाले नेपाली उत्पादनलाई विश्व बजारमा पुऱ्याउन थप सहयोग आवश्यक भएको उहाँले बताउनुभयो ।

नेपाल उद्योग परिसङ्घका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले अर्थतन्त्रलाई चलायमान बनाउन व्यवसायमैत्री मौद्रिक नीति ल्याउन सुझाव दिनुभयो । आगामी आर्थिक वर्षको बजेटमा निजी क्षेत्रले दिएको सुझाव कार्यान्वयन गर्न आग्रह गर्नुभयो ।

नेपाल तयारी पोशाक सङ्घका अध्यक्ष पशुपतिदेव पाण्डेले तयारी पोशाक उद्योगलाई प्रवर्द्धन गर्न नीतिगत सुधार, प्रक्रियागत सरलीकरण तथा व्यावसायिक वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

सन् १९८७ मा स्थापना भएको सङ्घमा एक सयभन्दा बढी तयारी पोशाक उद्योगी आबद्ध छन् । तयारी पोशाक उद्योग क्षेत्रमा ४० हजार रोजगारी सृजना भएको सङ्घले जनाएको छ ।

गत आवमा भारत तथा तेस्रो मुलुकमा करिब रु नौ अर्ब बराबरको तयारी पोशाक निर्यात भएको सङ्घले जनाएको छ । तयारी पोशाक प्रमुख निर्यातजन्य वस्तुको सूचीमा छ । गलैँचा प्रथम र तयारी पोशाक दोस्रो स्थानमा रहेको सङ्घका अध्यक्ष पाण्डेले जानकारी दिनुभयो ।

त्यस अवसरमा उपप्रधानमन्त्री महासेठले सन् २०२२/२३ मा भारत तथा तेस्रो मुलुकमा सबैभन्दा बढी तयारी पोशाक निर्यात गर्ने तीन उद्योगलाई सम्मान प्रदान गर्नुभएको थियो । सो अवधिमा ट्राई क्रट इन्डस्ट्रिजले रु एक अर्ब १७ करोड, नेपाल फेसन प्रालिले रु ६६ करोड र पल्स फेसन सोलुसन प्रालिले रु ४३ करोडको तयारी पोशाक निर्यात गरेको थियो ।

सङ्घको कार्यसमितिमा १० वर्षभन्दा बढी समय सेवा गरेका पदाधिकारी एवं सदस्यलाई सम्मान गरिएको थियोभने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले साधारणसभाको सफलताको कामना गर्दै पठाउनुभएको शुभकामना सन्देश सुनाइएको थियो ।

# दोहामा नेपाल दिवस समारोह

**काठमाडौँ (रासस)**, २६ फागुन : कतारको दोहास्थित नेपाली राजदूतावासले यही मार्च ८ तारिखका दिन नेपाल दिवस (नेपाल डे) समारोह सम्पन्न गरेको छ । हरित मरुभूमि र सुन्दर वातावरणको लक्ष्य राखी वागवानी उत्पादनको लागि विश्वमै पहिलोपल्ट कतार सरकारले सुरु गरेको दोहा एक्स्पो २०२३ को समापन हुने समयमा नेपाल दिवस सम्पन्न गरिएको हो ।



करिब पाँच सय अतिथिको उपस्थितिमा सम्पन्न एक्स्पोमा कतारस्थित विभिन्न देशका राजदूत तथा एक्स्पोमा पेभिलियन सञ्चालन गर्ने अधिकांश मुलुकका कमिश्नर जनरलहरूको विशिष्ट सहभागिता थियो । समारोह उद्घघाटन गर्दै दोहा एक्स्पोका डेपुटी सेक्रेटरी जनरल मोहमद अल सादले अत्यन्त सुन्दर र प्राकृतिक रूपले धनी मुलुक नेपालले कतार सरकारले आयोजना गरेको एक्स्पोमा सक्रिय सहभागिता जनाएकोमा प्रशंसा गर्नुभयो ।

कतारका लागि नेपाली राजदूत डा नरेशविक्रम ढकालले नेपालको भौगोलिकता, प्राकृतिक सम्पदा र लगानीको अवस्था जानकारी गराउँदै उक्त अवसरका लागि यो समारोह महत्वपूर्ण हुने बताउनुभयो । नेपाली सांस्कृतिक कार्यक्रम, नृत्य, झाँकीहरू प्रस्तुत गर्दै परेड गरिएको छ । सो समारोहबाट विश्वकै धनी मुलुक र रोजगारी लगायतको सम्भावनाको खानी रहेको कतारमा नेपाल र नेपाली चिनाउन र नेपालको विकासमा कतार सरकारलाई साझेदार गराउन अहम् भूमिका निर्वाह गरेको कार्यक्रमका संयोजक एवं नेपाली पेभिलियनका कमिश्नर जनरल कृष्ण कुमार सुवेदीले जानकारी दिनुभयो ।

कार्यक्रमबाट कतारलगायत मध्यपूर्वका मुलुकबाट नेपालमा लगानीको सम्भावना बढ्ने अपेक्षा गरिएको नेपाली व्यवसायी सङ्घ कतारका अध्यक्ष महेन्द्र चम्लगाईंले बताउनुभयो । गैरआवासीय नेपाली सङ्घ कतारका अध्यक्ष रमेश भट्टले कतारमा रहेको नेपाली समुदायको विशिष्ट उपस्थिति र सांस्कृतिक कार्यक्रमले नेपालीको पहिचान बढाउने काम गरेको बताउनुभयो ।

गत अक्टोबर २ मा कतारका अमिरले विशेष समारोहबीच समुद्घाटन गरेको यस वागवानीसम्बन्धी दोहा एक्स्पो २०२३ मा विश्वका ८० मुलुक र एक सयभन्दा बढी व्यावसायिक संस्थाहरू सहभागी छन् । एक्स्पोमा नेपाली व्यवसायी सङ्घ कतार, गैरआवासीय नेपाली सङ्घ कतार र नेपाल निर्यात व्यवसायी महासङ्घको सहयोगमा नेपाली राजदूतावासले पनि सहभागिता जनाए । एक्स्पोको सञ्चालनका लागि नेपालका तर्फबाट कृष्णकुमार सुवेदी कमिश्नर जनरल,कृष्ण पन्थी डेपुटी कमिश्नर जनरलसहित महेन्द्र चम्लगाईं, रमेश भट्ट, सुनीलकुमार घिमिरे, शङ्कर न्यौपाने, भिजन घिमिरेलगायतको एक उच्चस्तरीय समिति बनाइएको छ ।

# लुम्बिनीमा एकैपटक एक हजार दुई सय ५० अल्पकालीन भिक्षु

**लुम्बिनी (रासस)**, २६ फागुन: बौद्धमार्गमा हिँड्ने पहिलो खुट्किलो मानिने श्रामणेर (अल्पकालीन) भिक्षुका लागि बुद्ध जन्मस्थल लुम्बिनीमा शनिबार प्रव्रज्या आयोजना गरिएको छ । मायादेवी मन्दिर परिसरमा एकैदिन एक हजार दुई सय ५० जना अल्पकालीन भिक्षुहरूले पहैंलो चीवर लगाएर बुद्धधर्मका विभिन्न १० वटा शिलहरू पालना गरी प्रव्रज्यामा सहभागिता जनाएका हुन् ।



अखिल नेपाल भिक्षु महासङ्घ र थाई भिक्षु महासङ्घको आयोजना, लुम्बिनी विकास कोषसहितका विभिन्न संस्थाको सहआयोजनामा मायादेवी मन्दिर प्राङ्गणमा एक हजार दुई सय ५० जनालाई कूलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो ।

अखिल नेपाल भिक्षु महासङ्घ अध्यक्ष महास्थविर धम्म शोभन र थाइल्याण्डका धम्मकाय फाउण्डेशनका उपप्रमुख फरा उपाभ्याए पभनासहित बौद्ध धर्मगुरुहरूले अल्पकालीन भिक्षुका लागि चीवर प्रदान गरेका थिए । अल्पकालीन भिक्षुहरूले पहैंलो चीवर लगाएर बुद्धधर्मका १० वटा नियम पालना गर्नुपर्ने नियम छ । सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्णरूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नुपर्ने छ । भिक्षु बन्नका लागि भने दुई सय २७ वटा नियम पालना गर्नुपर्छ ।

यही फागुन १६ गतेदेखि सुरु भएको प्रव्रज्यामा लुम्बिनीमै आएर एक हजार दुई सय ५० जनाले केश मुन्डन गरेर चीवर प्राप्त गरेका हुन् । शनिबार पहैंलो चीवर लगाउन योग्य भएका श्रामणेरहरूले आफूहरूले पहैंलो चिवर ग्रहण गर्न पाउँदा निकै खुसी लागेको बताएका छन् ।

अखिल नेपाल भिक्षु महासङ्घका कार्यकारिणी सदस्य भिक्षु प्रज्ञामूर्तिले बुद्ध शिक्षाको प्रवर्द्धन र लुम्बिनीको महत्वलाई थप उजागर गर्नका लागि बाह्र सय ५० जनालाई श्रामणेर ( अल्पकालीन भिक्षु) बनाइएको बताउनुभयो । उहाँले चीवर प्राप्त गर`का उनीहरूलाई पञ्चशील, अष्टशील र विनयपिटकबारे जानकारी दिने र दैनिक ध्यान गराउने गरिएको बताउनुभयो । छोटो अवधिमा चीवर प्राप्त गरी बुद्धको शिक्षा ग्रहण गराउन आफूहरूले श्रामणेर बनाउने गरिएको उहाँले बताउनुभयो ।

लुम्बिनीमा गरिएको अल्पकालीन भिक्षु बनाउने कार्यले बुद्धको शिक्षा र बुद्धधर्मको प्रचारमा सहयोग पुग्ने राजकीय थाई विहार लुम्बिनीका प्रमुख भिक्षु सुफोथले बताउनुभयो । यसअघि सन् २०११ मा एक हजार, २०१५ मा एक हजार एक सय १२, सन् २०१९ मा एक हजार एक सय १९ र सन् २०२३ मा पाँच सय जनालाई प्रव्रज्या गराइएको कार्यक्रम निर्देशक एवं लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य राजेश शाक्यले बताउनुभयो ।

प्रव्रज्या कार्यक्रममा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराई, कार्यकारिणी सदस्य विश्वराज पौडेल, वरिष्ठ निर्देशक ज्ञानिन राईलगायतको उपस्थिति थियो । प्रव्रज्यामा देशभरबाट सहभागिता थियो । प्रवज्याअन्तर्गत आइतबार भिक्षाटन, आगामी चैत ३ र ४ गते बृहत्तर लुम्बिनी क्षेत्रको रामग्राम र तिलौराकोटमा धर्मयात्रा र चैत ८ गते समापन हुने जनाइएको छ ।

लागुऔषधबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं




हाम्रो चाहना "लागु औषधरहित, स्वास्थ र सुखी जीवनको कामना सबै नेपालीको चाहनाः लागुऔषध उत्पादन, अवैध ओसारपसार र सेवनरहित समाजको कामना ।" लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्ध, धन सम्पतिको बर्वादी गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरर्णिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहौं ।

महागढीमाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बरियारपुर, बारा

बालविबाह कानूनी र सामाजिक अपराध हो ।
बीस बर्ष नपुगि विवाह नगरौं र नगराऊ
उमेर नपुगि गरेको वा गराइएको विवाह कानूनी अपराध हो ।
त्यस्तो अपराध गर्नेलाई जरीवाना वा कैद वा दुवै सजाय हुन सक्नेछन् ।

करैयामाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
करैया, बारा

गाउँ नगर टोल छर छिमेक सफा राखौं । प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - फेटा गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

## स्वास्थ्य, शिक्षा र जीवनशैली समाचार

# छोरीको कलेजोले बाबुले नयाँ जीवन पाएपछि...




**कास्की (रासस),** २६ फागुन : पोखरा महानगरपालिका-३० खुदीका ६४ वर्षीय वासुदेव लामिछानेलाई छोरीको कलेजोले नयाँ जीवन दिएको छ ।

विसं २०७५ तिर कलेजोमा समस्या देखिएको थियो । उहाँले चार वर्ष औषधि खाएर रोग निको पार्ने प्रयास गरे पनि विस्तारै औषधिले काम गर्न छाडेको थियो । एक वर्षदेखि उहाँलाई रोगले बढी च्याप्न थाल्यो र अवस्था गम्भीर भयो । लामिछानेको कलेजो क्षतिग्रस्त भएको र राम्रोसँग काम नगरेकाले चिकित्सकले अन्तिम चरणको उपचार का रूपमा कलेजो प्रत्यारोपण गर्न सुझाव दिए ।

कमजोर आर्थिक अवस्थाका कारण छिमेकी मुलुक गएर उपचार गर्न उहाँको अवस्था थिएन । परिवारकै सदस्यबाट प्रत्यारोपण गर्नुपर्ने र यसबाट खर्चसमेत कम हुने भएकाले उहाँले परिवारसँग सल्लाह गर्नुभयो । तीन छोरी र दुई छोराका बाबु लामिछानेको कलेजो प्रत्यारोपणका लागि परिवारमा छोरा-बुहारीसँग रक्त समूह मिलेन । रोगले दिनानुदिन च्याप्दै जानु र प्रत्यारोपणका लागि उपयुक्त व्यक्ति नपाउँदा लामिछानेले जीवनको आश मारिसक्नुभएको थियो ।

अन्तिममा उहाँकी जेठी छोरी पोखरा-३० पावरहाउस बस्ने रञ्जना लामिछाने बरालको रक्तसमूह मिलेर प्रत्यारोपण गर्न मिल्ने भयो । त्यसका रञ्जनाको घरबाट समेत स्वीकृति मिल्यो । रञ्जना बाबुको जीवन बचाउन जोखिम उठाउनुभयो र आफ्नो कलेजो बाबुलाई दिन तत्कालै तयार हुनुभयो ।

साहसपूर्वक आफ्नो कलेजो दिएर बुबालाई नयाँ जीवन दिन रञ्जना तयार भएपछि लामिछानेको गत आइतबार भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा सफलतापूर्वक कलेजो प्रत्यारोपण गरिएको छ । कलेजो रोगका कारण थलिएर जीवनमरणको दोसाँधमा उभिनुभएका लामिछानले छोरीले कलेजो दिएपछि पुनर्जीवन पाउनुभएको छ । छोरी रञ्जनाले आफ्नो कलेजो दिन तयार हुनुभएको र अहिले बाबुछोरी दुवैको स्वास्थ्य अवस्था राम्रो रहेको छोरा सुशीलले बताउनुभयो ।

"बुबाको कलेजो प्रत्यारोपण गर्नु नै थियो, तर मिलिरहेको थिएन, त्यसले गर्दा बुवालाई बचाउन सकिँदैन कि भनेर हामी चिन्तित थियौँ", सुशीलले भन्नुभयो, "अन्तिममा दिदीले दिन मिल्ने भएपछि कलेजो सफलतापूर्वक प्रत्यारोपण भएको छ, अहिले बुवा र दिदी दुवै जना स्वस्थ हुनुहुन्छ, कुनै समस्या छैन ।" आफ्नो कलेजो बुवासँग मिल्नु र प्रत्यारोपण कार्य सफल भएपछि रञ्जना पनि खुसी हुनुहुन्छ । बाबुआमाका लागि जस्तोसुकै अप्ठ्यारो र दुःखमा साथ दिनुपर्ने छोर ाछोरीको कर्तव्य आफूले पूरा गर्न पाउँदा धेरै खुसी लागेको दिदीले भनेको सुशीलले बताउनुभयो । दिदीलाई एक हप्ता र बुवालाई दुई हप्ताजति अस्पतालमा राख्नुपर्ने चिकित्सकले बताएको जानकारी दिनुभयो ।

# परोहामा नगरपालिका निशुल्क स्वास्थ्य शिविर संपन्न



**पूजा पाठक,** २६ फाल्गुन ।
रौतहट । सशस्त्र प्रहरी बल ,नेपालको सीमाबासी संग सशस्त्र प्रहरी कार्यक्रम अंतर्गत सशस्त्र प्रहरी परिवार महिला संघको आयोजना तथा प्रादेशिक अस्पताल गौर र परोहा नगरपालिकाको सहकार्यमा नेपाल ए पि एफ अस्पतालका विशेषज्ञ चिकित्सकको सहभागितामा रौतहट जिल्लाको परोहा नगरपालिका वड़ा नम्बर ४ स्थित ब्रह्मज्योति माध्यमिक विद्यालय लौकहामा एक दिवसीय निशुल्क स्वास्थ्य शिविर संपन्न भएको छ ।

निःशुल्क स्वास्थ्य शिविरको उदघाटन समारोहमा सम्वोधन गर्दै प्रमुख अतिथि सशस्त्र प्रहरी परिवार महिला संघका अध्यक्ष अनीता लामिछाने अर्यालले सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिक बर्दी बिनाको सुरक्षाकर्मी रहेको बताएका छन ।

जनताको सुरक्षाको लागि खटिने सशस्त्र प्रहरीको धर्मपत्नीहरुको संगठन रहेको सशस्त्र प्रहरी परिवार महिला संघले सीमा संग जोडिएको बसेका नेपाली नागरिकको स्वास्थ्यको ख्याल गर्दै शिविरको आयोजना गरिएको उल्लेख गरे । उहाले भने सशस्त्र प्रहरी र आम नागरिक विचको सम्वन्ध राम्रो भए सुरक्षामा थप सहजता पुग्ने छन ।

परोहा नगरपालिकाका नगर प्रमुख शेख वकीलको अध्यक्षतामा संपन्न भएको उदघाटन समारोहमा प्राविधिक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक डाक्टर मिना कुंवर जोशी , मधेश प्रदेश सशस्त्र प्रहरी परिवार संघका अध्यक्ष प्राब्दा सिंह , प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी , नेपाल प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठ , सशस्त्र प्रहरी उपरीक्षक विक्रम होमागाई , बिरदल गुल्मका प्रमुख सेनानी गंगा बहादुर विस्ट , राष्ट्रिय अनुसन्धान रौतहटका उपनिर्देशक अभिनय कुमार सिंह , निर्वाचित वड़ा अध्यक्ष लगायतका उपस्थिति रहेको थियो ।

शिविरमा आखा सम्वन्धी डाक्टर मिना कुंवर जोशी , डाक्टर राम अयोध्या प्रसाद यादव , डाक्टर अशोक पासवान ,स्त्री तथा प्रसूति रोग सम्वन्धी डाक्टर सुमिंत्रा थापा , प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक डाक्टर अनुजा जोशी ,डाक्टर नेहा बर्मा , रेडियोलॉजी सम्वन्धी प्राविधिक सशस्त्र प्रहरी उपरीक्षक डाक्टर अभिषेक स्वार , नाक कान घाटी सम्वन्धी प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक डाक्टर एलिशा महर्जन , डाक्टर घनश्याम ठाकुर , दांत सम्वन्धी डाक्टर श्रव्य पराजुली , डाक्टर राम प्रकाश चनौ , डाक्टर प्रकाश झा र साधारण स्वास्थ्य परिक्षण प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक डाक्टर रोशन पराजुली ,डाक्टर अमित चौधरीले चेकजाच गरेका थिए ।

शिविरमा १ हजार ४ सय भन्दा बढ़ीको स्वास्थ्य परिक्षण गरी निशुल्क रुपमा औषधि वितरण गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हेडक्वाटर हजमीनियाले जनाएको छ ।

जनहितमा जारी सन्देश
हामीले तिरेको कर हाम्रै नगरको विकासको लागि हो
त्यसैले अनिवार्य मालपोत शुल्क, सिफारिस दस्तुर
लगायतका अन्य शुल्क अनिवार्य आफ्नो वडा
कार्यालयमा गएर तिर्ने गरौ । याद गर्नुस शुल्क
तिरेपछि रसिद लिन नभुल्नुस ।
निजगढ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
निजगढ , बारा
मधेश प्रदेश (नेपाल)

## मनोरञ्जन र खेलकुद समाचार

# मैत्रीपूर्ण क्रिकेटमा नेपाल हङकङसँग पराजित




**काठमाडौँ (रासस),** २६ फागुन : मैत्रीपूर्ण टी-२० क्रिकेटमा नेपाल हङ्कङसँग पराजित भएको छ । हङ्कङले नेपाललाई ७३ रनले पराजित गरेको हो । हङ्कङमा आज भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै हङ्कङले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा दुई सय १२ रन बनायो । दुई सय १३ रनको लक्ष्य पाएको नेपालले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ३९ रनमात्र बनाउन सक्यो । नेपालका लागि विनोद भण्डारीले २२ बलमा ४१ रन जोडे । कप्तान रोहितकुमार पौडेलले ३० रन र आरिफ शेखले ३८ रन बनाए ।

यसअघि हङ्कङका लागि बाबर हयातले शतकीय पारी खेले । उनले ४९ बलमा तीन चौका र १३ छक्काको मद्दतमा एक सय १० रन बनाए । यस्तै मार्टिन कोइत्जीले ३१ र अंशी राथले ३९ तथा अजिज खानले अविजित २१ रन बनाए । बलिङतर्फ नेपालका लागि आजैको खेलमा टी-२० क्रिकेटमा डेब्यु गरेका आकाश चन्दले तीन विकेट लिए । त्रिकोणात्मक सिरिज खेल्न नेपाली टोली बिहीबार हङ्कङ गएको थियो । नेपाल, हङकङ र पपुवा न्यूगिनीबीच यही फागुन २७ गतेदेखि त्रिकोणात्मक टी-२० आई सिरिज सुरु हुँदैछ । त्यसअघि नेपालले आज हङ्कङसित एउटा मैत्रीपूर्ण खेल खेलेको हो । त्रिकोणात्मक सिरिजमा नेपालले पहिलो खेल फागुन २७ गते हङ्कङसँग खेल्ने छ । यस्तै नेपालले फागुन २९ गते पवुवा न्यूगिनीसँग खेल्नेछ । फागुन ३० गते त्रिकोणात्मक सिरिजको फाइनल खेल हुने छ ।

नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, विनोद भण्डारी, गुलशन झा, सन्दीप जोरा, आरिफ शेख, विवेक यादव, राशिद खान, करण केसी, सागर ढकाल, प्रतिश जिसी, लोकेश बम, आकाश चन्द र अविनाश बोहोरा छन् । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली त्रिकोणात्मक शृङ्खला खेल्नका लागि बिहीबार हङ्कङ गएको हो ।

# पालिका कपको पहिलो मैचमा दुर्गाभगवती बिजयी



**पूजा पाठक,** २६ फाल्गुन
रौतहट । शनिवार देखि पालिका कप क्रिकेट प्रतियोगिता शुरू भएको छ । नेपाल नगरपालिका संघका केंद्रीय अध्यक्ष भीम प्रसाद ढुङ्गाना र गौर नगरपालिकाका नगर प्रमुख शम्भू साहले संयुक्त रुपमा प्रतियोगिताको उदघाटन गरेका पालिका कपको पहिलो खेलमा रौतहटको दुर्गाभगवती गाउपालिकको टीम विजयी शुरुवात गरेको छ ।

टॉस जितेर पहिलो बल्लेबाजी गरेका दुर्गा भगवती टीमले निर्धारित २० ओभरको खेलमा ८ विकेट को क्षतिमा १२९ रन को स्कोर खड़ा गरेको थियो ! दुर्गा भगवती गाउँपालिकाबाट जगरनाथ दासले ३८ बलमा ४६ रनको योगदान दिएको थियो भने सुजीत मिश्राले १७ बलमा २१ रन बनाएका थिए ।

१३० रनको विजय लक्ष्य पूरा गर्नको लागि मैदानमा उत्रेका चंद्रपुर नगरपालिकाको टीमले १८ ओभर ३ बलमा १० बिकट गुमाउदै ९५ रन मै सिमित भए पछि ३४ रनले पराजित भएको आयोजक सस्था र ौतहट जिल्ला क्रिकेट संघले जनाएको छ । मैन ऑफ दी मैच आशिक झालाइ घोषित गरिएको छ ।

उदघाटन समारोहमा प्रतियोगितामा सहभागी भएका पालिकाका नगर प्रमुख ,रौतहट जिल्ला क्रिकेट संघका पदाधिकारी , संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

आइतवार दोस्रो मैच गौर नगरपालिका विरुद्ध गुजरा नगरपालिका विच हुने आयोजक सस्थाले जनाएको छ ।




दर्ता नं. ३१५८३६/०८०/०८१
चपुर सिटी हस्पिटल प्रा. लि.
चन्द्रपुर न.पा.-४, रौतहट
सम्पर्क नं. ९८४६००२५३०
डा. भगवती सिंह
MBBS, MD (General Physician)
२४ सै घण्टा
डा. मनवोध कुमार साह
MBBS, MD (Internal Medicine)
पेट, छाती मुटु रोग विशेषज्ञ
महिनाको दोस्रो, चौथो शनिवार
डा. रूपेश साह
MBBS (Gold Medalist)
प्रत्येक दिन विहान ७ बजे देखि १० बजे सम्म
वेलुका ५ बजे देखि ७ बजे सम्म
MBBS
डाक्टरद्वारा
२४ सैं घण्टा
इमरजेन्सी
सेवा ।
ल्याब:२५%
भिडियो एक्सरे:२०%
एक्सरे:१०%
प्लस्टर:२५%
डा. वसन्त श्रेष्ठ
MBBS, MS (हाईजोर्नी तथा नशा रोग विशेषज्ञ)
प्रत्येक दिन अनकल
डा. सन्तोष कुमार साह
MBBS, MS (Ortho)
(Arthroscopic Surgeon)
हाईजोर्नी तथा नशा रोग विशेषज्ञ
प्रत्येक शनिवार
डा. आनन्द रौनियार
MBBS, MD (Child Specialist)
बाल रोग विशेषज्ञ
महिनाको पहिलो, तेस्रो शनिवार
+ 24 HOUR EMERGENCY
प्रत्येक दिन सुगर जाँच फ्रि

# नयाँ सरकारप्रति जनतामा नयाँ आशाको सञ्चार भएको छ : नेता खनाल



**काठमाडौँ (रासस)**, २६ फागुन : नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले मुलुकमा नयाँ वाम-लोकतान्त्रिक गठबन्धनको सरकारप्रति जनतामा नयाँ आशाको सञ्चार भएको बताउनुभएको छ । पार्टी निकट अखिल नेपाल महिला सङ्घद्वारा आज आयोजित कार्यक्रममा उहाँले राष्ट्र निर्माणमा बहुसङ्ख्यक जनता कम्युनिष्ट नेतृत्वको पक्षमा रहेको अवस्थामा वाम-लोकतान्त्रिक शक्तिहरूको नयाँ सरकार बनेको बताउनुभयो ।

समकालीन राजनीतिक परिस्थितिमा वामपन्थी ध्रुवीकरणको सम्भावना बढेको बताउँदै नेता खनालले जनचाहना र मुलुकको आवश्यकतालाई प्रतिविम्बित गर्न आफ्नो पार्टी पनि सरकारमा सहभागी भएको स्पष्ट पार्नुभयो ।मुलुकका वामपन्थी, देशभक्त, लोकतान्त्रिक, प्रगतिशील र समाजवादी शक्तिसमेत यो सरकारमा सहभागी रहेका र यसप्रति सकारात्मक भाव देखिएको उहाँको भनाइ थियो । वाम शक्तिको एकता गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "एक वर्षअघि बनेको गठबन्धनको सरकार टुटेको छ, वामपन्थी शक्तिहरूको पहल र नेतृत्वमा गठित सरकारलाई पार्टीको तर्फबाट स्वागत र समर्थन गर्दछु ।"

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेता खनालले संसद्मा कुनै पनि पार्टीको बहुमत नभएकाले गठबन्धन सरकार बनाउनुको आवश्यकता औँल्याउँदै नयाँ गठबन्धनलाई दायाँबायाँ गर्ने छुट नभएको प्रष्ट पार्नुभयो । उहाँले विगतको गठबन्धनले अघि सारेका नीति, कार्यक्रम र बजेटले जनता तथा राष्ट्रको कुनै पनि आधारभूत समस्यालाई सम्बोधन गर्न नसकेको आरोप लगाउँदै वामपन्थी एकताको माग दिनप्रतिदिन बढिरहेको जिकिर गर्नुभयो ।

विश्वको परिस्थिति अत्यन्त तनावयुक्त बन्दै गएको बताउँदै नेता खनालले भूराजनीतिक शक्तिहरूबीच प्रतिस्पर्धा तीव्र बनिरहेकाले मुलुकको सर्वोपरी राष्ट्रिय हितलाई ध्यानमा राखेर सन्तुलित विदेश नीति अख्तियार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । सो अवसरमा सङ्गठन सुदृढीकरणमा योगदान गरेका नेतालाई सम्मानसमेत गरिएको थियो ।

# कानु समाज नेपाल पर्साको बैठक सम्पन्न, चैत्र ८ गते होली मिलन



**रन्धिर साह ।**

पर्सा । कानु समाज नेपाल पर्साको बैठक शनिबार पोखरीयामा सम्पन्न भएको छ । समाजका पर्सा अध्यक्ष लक्ष्मण साह कानुको अध्यक्षतामा सम्पनन बैठकले चैत्र ९ गते वीरगंजमा होली मिलन समारोह गर्ने निर्णय गरेको छ । यसैगरी बैठकले कानु समाजको १४ वटै पालिकाहरुमा पालिका अधिवेशन गर्ने निर्णय गरेको छ। होली मिलन समारोहको समाजले आर्थिक व्यवस्थापन आफै गर्ने निर्णय समेत गरेको समाजका सल्लाहकार अकलेश कुमार साहले जानकारी दिए । " बिगतको बर्षझै यसबर्ष पनि होली मिलन समारोहलाई निरन्ता दिने निर्णय गरेका छौ र यसका लागि आर्थिक व्यवस्थापन पनि समाजले नै गर्ने निर्णय गरेका छौ" साहले भने । साथै कानु स्वजातियबाट संघिय कृषि मन्त्रीको रुपमा ज्वाला साह मन्त्री बनेकोमा समाजले खुशी व्यक्त गरेको छ। बैठकमा उपाध्यक्ष सोनालाल साह ,सचिव श्रवण साह, सह सचिव सुरेन्द्र साह, सदस्यहरु राजन साह, दयानन्द गुप्ता लगायतको उपस्थिती रहेको थियो ।

# सन्त नेता किशुनजीको जीवनबाट सबैले प्रेरणा लिनुपर्छः उपसभापति खड्का



**सुर्खेत (रासस)**, २६ फागुनः नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले सन्त नेता कृष्णप्रसाद भट्टराईको जीवनबाट सबैले प्रेरणा लिनुपर्ने बताउनुभएको छ ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रदेश पार्टी कार्यसमितिले निर्माण गर्न लागेको सन्त नेता कृष्णप्रसाद भट्टराई स्मृति भवनको शनिबार शिलान्यास गर्दै उपसभापति खड्काले किसुनजीको आदर्श, निष्ठा, अनुशासन र आम नेपाली जनताप्रति समर्पित र अनुशासित हुने व्यवहारको अनुसरण गर्नुपर्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

"सामाजिक र राजनीतिक जीवनमा समर्पित भएका मानिसहरुको जीवनपद्धति कस्तो हुनुपर्दछ, उनीहरुको आचार र विचार कस्तो हुनुपर्दछ भन्ने कुरा पार्टीका संस्थापकमध्येका एक सन्त नेता किशुनजीबाट हामीले सिक्नु आवश्यक छ", उहाँले भन्नुभयो । मुलुकको जिम्मेवारी लिँदा कसरी जनताप्रति समर्पित भएर काम गर्नु पर्दछ भन्ने अनुपम, अनुकरणीय उदाहरण किसुनजीले दिएर जानुभएको उहाँको भनाइ छ ।

उपसभापति खड्काले राजनीतिक जीवनको अधिकांश समय आफूले सन्त नेताकै शिक्षा दीक्षामा जोडिन पाएको खुसी व्यक्त गर्नुभयो । "उहाँकै नाममा भवन निर्माणको सुरुवात गरेको छ", उहाँले भन्नुभयो, "कर्णाली प्रदेशको सिङ्गो पार्टी सञ्चालन गर्न र जनताप्रतिको उत्तरदायी हुन यो शुभ अवसरले प्रेरणा दिनेछ ।"

धुम्रपान स्वास्थ्यको लागी हानिकारक हुन्छ ।

## अन्तर्राष्ट्रिय समाचार

# माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको संख्यामा एक तिहाइ कमी



**माले, २६ फागुन** (रासस/एएनआई) :गत वर्षको तुलनामा यो बर्ष माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्यामा ३३ प्रतिशतले कमी आएको माल्दिभ्सको पर्यटन मन्त्रालयको तथ्याङ्कलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

नयाँ दिल्ली र मालेबीचको कुटनीतिक सम्बन्धमा तनाव आएसँगै माल्दिभ्स आउने पर्यटक सङ्ख्यामा पनि कमी देखिएको हो ।

सन् २०१९ को मार्च सम्ममा २७ हजार २२४ जना भारतीय पर्यटक आएका थिए । पर्यटन मन्त्रालयको सन् २०२३ को तथ्याङ्कअनुसार सन् २०२३ को मार्च ४ सम्ममा माल्दिभ्समा ४१ हजार ५४ भारतीय पर्यटकले भ्रमण गरेका थिए । माल्दिभ्सको अधाधु अनलाइनका अनुसार यो बर्षको पहिलो दुई महिनामा २७ हजार २२४ भारतीय पर्यटक माल्दिभ्स पुगेका छन् । गत वर्षको तुलनामा यो सङ्ख्या १३ हजार ८३० ले कम हो ।

गत वर्षको पहिलो दुई महिनाको अवधिमा माल्दिभ्समा पर्यटकका लागि भारत १० प्रतिशत बजार हिस्साका साथ दोस्रो ठूलो स्रोत थियो । यद्यपि, यो बर्ष भारतीय पर्यटकको सङ्ख्या छ प्रतिशतका साथ सूचीको छैटौं स्थानमा रहेको छ ।

माल्दिभ्सका तीन उपमन्त्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणको तस्बिरलाई लिएर अपमानजनक टिप्पणी गरेपछि दुई देशबीच कुटनीतिक विवाद उत्पन्न भएको थियो । भारतीय प्रधानमन्त्री मोदीले भारतीय टापु समूहलाई समुद्र तट पर्यटन र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गन्तव्यका रुपमा विकास गर्न आह्वान गर्नुभएको थियो । नयाँ दिल्लीले माल्दिभ्सका राजदूतलाई बोलाएर भाइरल पोस्टको कडा विरोध गरेपछि यो विषयले ठूलो कूटनीतिक विवाद निम्त्याएको थियो । तीनै जना उपमन्त्रीलाई निलम्बनमा राखिएको छ ।

यस वर्षको सुरुमा माल्दिभ्सको पर्यटन उद्योगका सरोकारवाला अधिकारीले भारतमा बहिष्कार अभियानले गति लिएको र लोकप्रिय भारतीय फिल्म स्टारहरूको समर्थन प्राप्त गरेकोमा चिन्ता व्यक्त गरेका थिए ।

माल्दिभ्स एसोसिएसन अफ ट्राभल एजेन्ट्स एण्ड टुर अपरेटर्स (माटाटो) ले भारतीय पाहुनाको बुकिङ रद्द गर्दा परेको असरबारे सर्वेक्षण गरेको थियो तर उक्त निष्कर्ष सार्वजनिक गरिएको थिएन ।

सन् २०२१/०२३ सम्म माल्दिभ्स पुग्ने भारतीय पर्यटकको सङ्ख्या दुई लाखको हाराहारीमा रहेको छ । यद्यपि, यस वर्ष अहिलेसम्म सबैभन्दा बढी अर्थात् ५४ हजारभन्दा बढी चिनियाँ पर्यटकहरूको आगमनको भएको र माल्दिभ्सको पर्यटनका लागि चीन नै शीर्ष बजार भएको छ ।

दादुरा-रूबेला खोप अभियान
पूर्ण खोप, सुरक्षित भविष्य
बहुदरमाई नगरपालिका
बहुहरी पिडरी (पर्सा)
फागुन २७ गते देखि चैत्र ५ गते सम्म


सबै वडा कार्यालयहरुको स्वास्थ्य संस्थाहरुमा निशुल्क
खोप नि:शुल्क पाइन्छ
खोप सुरक्षित छ
खोपले जीवन रक्षा गर्छ
बहुदरमाई नगरपालिका
बहुहरी पिडरी (पर्सा)

